# अन्तःशुल्क टिकट

**१. अन्तःशुल्क टिकट भनेको के हो ?**

स्वदेशमा उत्पादन हुने वा पैठारी हुने मदिरा वा सूर्तीजन्य पदार्थमा टाँस गर्नु पर्ने भनि विभागले तोके बमोजिमको सुरक्षण प्रविधियुक्त टिकटलाई अन्तःशुल्क टिकट भनिन्छ ।

**२. अन्तःशुल्क टिकटको प्रयोग गर्ने विधि कसरी हो ?**

अन्तःशुल्क टिकट विभागले लाग्ने दस्तुर लिई उपलब्ध गराउने छ । टिकट टाँस गर्दा मदिराको बोतल र विर्कोमा पर्ने गरी , चुरोटको प्रत्येक बट्टामा र खैनी वा सूर्तीको प्रत्येक प्याकेट ,बटट्ा वा पोकामा नच्यात्तिने गरी टाँस्नु पर्छ । तर वियर निष्कासन गर्दा भने वियर प्याक भएको प्रत्येक कार्टुनमा अन्तःशुल्क टिकट टाँस गर्नु पर्छ ।

**३. अन्तःशुल्क टिकट निशुल्क पाईन्छ कि खरिद गर्नु पर्दछ ?**

आफूलाई चाहिने अन्तःशुल्क टिकट तोकिए बमोजिमको मूल्य दाखिला गरी सम्बन्धित कार्यालयबाट खरिद गर्नु पर्नेछ ।

**४. अन्तःशुल्क टिकट कुन कुन वस्तुमा अनिवार्य प्रयोग गर्नु पर्छ ?**

मदिराको प्रत्येक बोतलमा, वियर प्याक गरिएको प्रत्येक कार्टुनमा र चुरोटको प्रत्येक बट्टामा सूर्ति र खैनीका प्रत्येक ४०० ग्रामको आउटरमा र गुट्खा तथा पान मसलाका प्रत्येक १५० ग्रामको आउटर प्याकेटमा अनिबार्य लगाउनु पर्नेछ ।

**५. अन्तःशुल्क टिकट कुन समयमा टाँस गरिन्छ ?**

मदिरा वा सूर्तिजन्य पदार्थ उत्पादन वा पैठारी गरी भण्डारण गर्दाको वखत अन्तःशुल्क टिकट टाँस गर्नुपर्दछ ।

**६. भौतिक निष्काशन प्रणाली अन्तर्गत अन्तःशुल्क टिकट उद्योग वा प्रतिष्ठानमा कसको जिम्मामा रहन्छ ?**

उद्योग वा प्रतिष्ठानमा खटिएका अन्तःशुल्क कर्मचारी (निरिक्षक)को जिम्मामा रहन्छ ।

**७. अन्तःशुल्क टिकट कसले उपलब्ध गराउँछ ?**

आन्तरिक राजस्व कार्यालय, करदाता सेवा कार्यालय तथा उक्त कार्यालयहरु नभएका जिल्लामा कोष तथा लेखा नियन्त्रक कार्यालयहरुले तोकिए बमोजिमको लाग्ने दस्तुर लिई उपलब्ध गराउँछन् ।

**८.. पैठारी गरेको वस्तु विक्री गर्दा अन्तःशुल्क टिकट लगाउनु पर्छ कि पर्दैन ?**

पैठारी गरेका मदिराको प्रत्येक बोतलमा, बियरको प्रत्येक कार्टुनमा र चुरोटका प्रत्येक बट्टामा पैठारी गर्दाकै अबस्थामा अन्तःशुल्क टिकट लगाउनु पर्नेछ ।

**९. अन्तःशुल्क टिकट टाँस नगरी बिक्री भएका सूर्तीजन्य पदार्थ तथा मदिरा के हुन्छ ?**

अबैध हुन्छ । यो कार्य दण्डनीय अपराध हो र त्यसरी बिक्रि गरिएका सूर्तीजन्य पदार्थ तथा मदिरा जफत हुन्छ । बिगो कायम गरी बिगो बमोजिम जरिवाना हुन्छ ।

**१०. कारखानामा प्राप्त भएको अन्तःशुल्क टिकटको आमदानी खर्चको हिसाब कसरी कसले राख्नु पर्छ ?**

प्रतिष्ठानमा रहेको ईकाई कार्यालयले प्राप्त भएका अन्तःशुल्क टिकटको आम्दानी र खर्च जनाई खाता अद्यावधिक राख्नु पर्दछ । स्वयं निष्काशन अन्तर्गतका वस्तुको हकमा प्रतिष्ठानवाट तोकिएको कर्मचारीले अन्तःशुल्क स्टीकरको आम्दानी खर्चको हिसाब राख्नु पर्छ ।

**११. अन्तःशुल्क टिकटको प्रयोग गर्ने सिलसिलामा च्यातिएमा, बिग्रिएमा वा टिकट नै कम भएकोमा सोको मिनाहा वा प्रतिस्थापन हुन्छ हुँदैन ?**

प्रतिष्ठानलाई उपलब्ध गराईएका अन्तःशुल्क टिकट प्रयोग गर्ने सिलसिलामा च्यातिएमा, विग्रिएमा वा कम भएमा अन्तःशुल्क अधिकृत वा निजले खटाएको कर्मचारीले भौतिक परीक्षण गरी प्रमाणित गरेको आधारमा कार्यालयले त्यस्ता अन्तःशुल्क टिकट प्रतिस्थापन गर्न सक्नेछ ।

**१२. च्यातिएका र बिग्रिएका अन्तःशुल्क टिकटहरुलाई के गर्नु पर्दछ ?**

प्रयोग गर्ने सिलसिलामा च्यातिएका र विग्रिएका अन्तःशुल्क टिकटको मुचुल्का तयार गरी विभागले तोकेको प्रक्रिया अनुसार सम्बन्धित कार्यालयले नष्ट गर्नु पर्नेछ । नष्ट गर्नु पर्दा त्यस्ता टिकटहरुको अभिलेख खडा गरी प्रयोगमा आउन नसक्ने देखिएका टिकटहरु आन्तरिक राजस्व कार्यालयका प्रमुख र जिल्ला प्रहरी कार्यालय तथा कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रतिनिधिको रोहबरमा जलाई सो को मुचुल्का समेतको जानकारी विभागमा पठाउनु पर्नेछ ।

**१३. अन्तःशुल्कमा टिकट ताल्चा भन्नाले के बुझिन्छ ?**

टिकट ताल्चा भन्नाले साँचोले बन्द गरी टिकट टाँस गर्ने र ताल्चा खोल्दा टाँसिएको सो टिकट च्यातिने गरि प्रयोग गरिने ताल्चा साँचोमा लगाउने टिकटलाई जनाउँछ ।